# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

बागमती प्रदेश

हेटौंडा,मकवानपुर

## मोटरसाइकल खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रकाशित मिति २०७६/१२/०९**

यस मन्त्रालयबाट चालु आ.व. २०७६/०७७ का लागि तपशिल बमोजिमका मोटरसाइकल खरिद गर्नु पर्ने भएकोले इच्छुक योग्यता पुगेका कम्पनी, फर्म वा सप्लार्यसहरुले निम्न अनुसार रितपुर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ।

- ईच्छुक दरभाउपत्रदाताहरुले रु १०००।- (फिर्ता नहुने गरी) दरभाउपत्र खरिद गर्न लिखित निवेदनको साथमा दरभाउपत्रदाताको नविकरण भएको दर्ता प्रमाणपत्र , मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.व २०७५/०७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु पेश गरी यस मन्त्रालयबाट यो सुचना प्रथम पटक प्रकाशित मितिबाट २०७६।१२।२३ गतेसम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।
- मिति २०७६।१२।२४ दिनको १२:०० बजे भित्र यस मन्त्रालयमा दरभाउपत्र शिलबन्दी गरी खाममा आफूले सप्लाई गर्ने सामानको विषय समेत उल्लेख गरी दर्ता गराउनु पर्नेछ। निर्धारित समय भित्र दर्ता नभएको दरभाउपत्र मान्य हुने छैन।
- दर्ता भएका दरभाउपत्रहरु मिंति २०७६।१२।२४ गते दिनको २ :०० बजे कार्यालयका प्रतिनिधि र उपस्थित दरभाउपत्र दाताका प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि खोल्न बाधा पर्ने छैन।
- दरभाउपत्र साथ तोकिए बमोजिमको जमानत बापत दरभाउपत्र दाखिला हुने अन्तिम मितिले ७५ दिन म्याद भएको मान्यता प्राप्त बैक वा वित्तिय संस्थाबाट जारी गरिएको सक्कल विडबण्ड संलग्न गर्नु पर्नेछ वा प्रदेश लेखा नियन्त्रक कार्यालयको धरौटी खाता नं. १३००५०२०००००० मा आन्तरिक मामिला तथा कानुन मन्त्रालय , बागमती प्रदेश ,हेटौडा ,मकवानपुर को कोड नं. ३१४००३२०१३ मा दाखिला भएको सक्कल बैक भौचर संलग्न हुनुपर्नेछ।
- दरभाउपत्र खरिद गर्ने , दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित कार्यहरु गरिनेछ।
- दरभाउपत्र को मान्य अवधि दाखिला हुने अन्तिम मिति देखि ४५ दिनसम्म मान्य हुनेछ।
- BOQ मा उल्लेख गरेको दररेट अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
- दरभाउपत्र सम्बन्धी अन्य काम कारवाही प्रचलित ऐन नियम अनुसार हुनेछ।
- सामान स्पेशिफिकेशन अनुसारको हुनुपर्नेछ र स्पेशिफिकेशन गुणस्तर BOQ मा उल्लेख गरिनेछ। सामानको सप्लाई कार्यालय सम्म सप्लायर्सले नै गर्नुपर्नेछ।
- अन्य कुराहरु बुझ्नु परेका यस मन्त्रालयको समय भित्र यस मन्त्रालयमा सम्पर्क राख्न सक्नु हुनेछ। अथवा कार्यालयको फोन नं. ०५७-५२२८४१ Ex. 101, 104 मा सम्पर्क गर्न सकिनेछ।

| सि.न | ठेक्का नं. | विवरण | थान | जमानत रकम | बोलपत्र पेश गर्ने तरिका |
|---|---|---|---|---|---|
| १. | MOIAL/G/NCB/02/2076/77 | मोटरसाइकल | ७ (सात) | ४१०००। | शिलबन्दी दरभाउपत्र दाखिला मात्र |



७६।१२।०९

पेसल कुमार पोखरेल
अधिकृत सातौं